आज मिति २०८० साल माघ ०२ गते पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका बैठक वसी निम्न वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि निर्णय गर्न छलफल गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव. | |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री सर्वजीत कुमार झा | |

कर्मचारी

१ श्री राजिब कुमार झा सूचना प्रविधि अधिकृत

Scanned with CamScanner

**प्रस्तावहरु :**

१ वाल अधिकार प्रवर्धन तथा संरक्षण सम्वन्धि कार्यविधि २०७८ संसोधन सम्वन्धमा ।
२ LISA/FRA को नतिजा सम्वन्धमा ।
३ स्थानीय तहको औषधि खरिद सुची वाहेका औषधि सम्वन्धमा।
४ शिक्षा शाखाको जिम्वेवारी सम्वन्धमा ।
५.स्थानीय भु उपयोग परिषदको अधिकार प्रत्योजन सम्वन्धमा ।
६.शिक्षिक भ्रमण सम्वन्धमा ।
७.शहिद कप क्रिकेट टुर्नामेन्ट सम्वन्धमा ।
८. नमुना विधालय सिफारिस सम्वन्धमा ।

**निर्णयहरु**

१ .प्रस्ताव नं १ माथि छलफल गर्दा वाल अधिकार प्रवर्धन तथा संरक्षण सम्वन्धि कार्यविधि २०७८ को परिछेद ९ को दफा ३० को उपदफा २ मा उपदफा १ बमोजिमको खाता संचालनका लागि यस पिपरा गाउँपालिकाका उपाध्यक्ष र लेखा प्रमुखको संयुक्त दस्तखतमा खाता संचालन गरिने उल्लेख रहेकोले सो लाई संसोधन गरि खाता संचालनका लागि यस पिपरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा खाता संचालन गरिने उल्लेख गर्ने निर्णय गरियो ।साथै सोही कार्यविधिको दफा १८ अनुसार गठनहुने स्थानीय वाल अधिकार समितिको अध्यक्ष पंद मा कार्यपालिका सदस्य श्री मनोनयन गरिने निर्णय गरियो ।

२ प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. २०७९/८० मा भएको यथार्थ अवस्था तथा प्राप्तांकको वारेमा विस्तृत रुपमा छलफल गरि LISA/FRA को प्राप्तांक लाई अनुमोदन गरि अन्तिम नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा स्वास्थ्य सेवा विभागको प.स. २०७९/०८० च.नं. ६ मिति २०७९/०४/०५ गतेको प्राप्त पत्रानुसार नेपाल सरकारले तोकेको स्थानीय तहको खरिद अधिकार सुची/क्षेत्र भन्दा वाहिरको औषधि समेत पिपरा जनता अस्पतालको इमर्जेन्सी, बर्थिंग, अन्तरंग सेवा लगायत अन्य स्वास्थ्य संस्था प्रभावकारी रुपले संचालन गर्न आवश्यक परिरहेको हुनाले आन्तरिक श्रोतवाट औषधि खरिद वापत विनियोजित रकम वाट स्थानीय तहको सुची भन्दा वाहिरको औषधि, सर्जिकल सामग्री ल्याव सामग्री लगायतका सामानहरु समेत खरिद गर्ने निर्णय गरियो।

४ . प्रस्ताव नं ४ माथि छलफल गर्दा शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शाखा अधिकृत राजकिशोर झा लामो समयका लागि विदामा रहनुभएकोले मा.वि.सहोड़वाका राहत शिक्षा श्रावण कुमार यादव लाई शाखाको सम्पूर्ण कामकाज (आर्थिक तथा प्रशासनिक) गर्ने गरि शाखाको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं ४ को निर्णय मा मेरो असमति छ। राजकिशोर

Scanned with CamScanner

५ . प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानीय भु उपयोग परिषदले भु उपयोग क्षेत्र वर्गिकरण गरि पठाएको विवरणमा कित्ताहरु प्राविधिक कारण ले केहि त्रुटी भएको हुदा ति जग्गा,कित्ताहरु लाई भू-वनोट ,भूमिको क्षमता तथा उपयुक्त भूमि को मौजुदा उपयोग र अवसयाकता समेत को आधारमा छुट भएको जग्गा ,कित्ताहरूको सिफारिसका लागि स्थानीय भु उपयोग परिषदको प्रमुख लाई अधिकार दिने तथा परिषदको प्रमुखले मिति २०८०/१०/०२ गते सम्म गरेका सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं २ माथि छलफल गर्दा यस पालिकामा रहेको सम्पूर्ण सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक तथा व्यस्थापन समितिका अध्यक्षहरुलाई विभिन्न नमुना विद्यालयहरुमा भ्रमणमा लैजाने तथा सोको व्यस्थापन खर्च पिपरा गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत विविध खर्च शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

७ . प्रस्ताव नं ७ माथि छलफल गर्दा प्रत्यक वडावाट १ -१ वटा टिम समेल गराई शिक्षा युवा तथा खेलकुद शाखा संग सम्न्वय गरि शहिद कप क्रिकेट टुर्नामेन्ट संचालन गर्ने निर्णय गरियो साथै सोको व्यस्थापन खर्च पिपरा गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत विविध खर्च शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाको मा.वि. सहोडवा ,आदर्श मा.वि. रतौली र रा.ना.मा.वि.पिपरा लाई नमुना विद्यालयको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मधेश प्रदेशलाई सिफारिस गर्ने निर्णय गरियो ।

रिता देवी

राजकिशोर भण्डारी

प्रस्ताव नं ५ मा मेरो असहमति छ।